# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
(लुम्बिनी प्रदेश,नेपाल)

पत्र संख्या :- ०७८/०७९
चलानी नम्बर :-

मिति: २०७९।०३।२१

सुचना । सुचना ।। सुचना ।।।

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नबिकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सुचना ।**

सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आगामी आर्थिक बर्षमा भत्ता लिनको लागी प्रत्येक आर्थिक बर्षको कार्तिक मसान्त भित्र नबीकरण र नबीकरणको बिवरण अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेको हुदाँ यस यशोधरा गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ.व.२०७९।०८० का लागी साउन १ गते देखि कार्तिक मसान्त सम्ममा आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयंम उपस्थित भई अनिवार्य आवश्यक कागजात सहित परिचयपत्र नबीकरण गराउने व्यवस्था भएकोमा सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैकिङ प्राणाली मार्फत प्रदान गरिने हुदाँ पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता असोज १५ गते सम्म निकासा पठाउनु पर्ने हुदाँ भाद्र मसान्त सम्ममा परिचयपत्र नबीकरण गराउनु हुन अनुरोध छ । समयमा नबीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीको सुचीमा नाम समाबेश नहुने हुदाँ समयमा नबीकरण तथा अध्यावधिक गर्न /गराउने कार्यमा सहयोग गर्न अनुरोध छ ।

तेज बहादुर सिंह
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**नबीकरणका लागी चाहिने आवश्यक कागजातहरु:**

१. अनुसुची २ बमोजिमको निबिदन ।
२. पासपोर्ट साईजको फोटो २ प्रति ।
३. सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपी १ थान ।
४. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नेपाली नागरीकताको प्रतिलिपी १ थान ।
५. बालबालिकाको हकमा संरक्षकको नागरिकताको प्रतिलिपी १ थान ।
६. बालबालिकाको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी १ थान ।
७. बिधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्र र अर्को बिबाह नभएको प्रमाणको प्रतिलिपी १/१ थान ।
८. अपागंता भएका व्यक्तिको हकमा प्रचलित कानुन बमोजिम जारी भएको अपागंता परिचयपत्रको प्रतिलिपी १ थान ।
८. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित हुन नसक्ने भएमा निजको संरक्षक,स्याहार सुसार गर्ने व्यक्तिले निबिदन दिएमा निजको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपी १ थान ।
९. सम्पर्क नम्बर अनिवार्य ।

CamScanner